# प्रेस विज्ञप्ति- २९७

# Press Release- 297

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ ।
मिति: २०७८।०५।२३ गते ।

## लागू औषध सहित १३ जना मानिसहरु पक्राउ

१. बिशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरको प्रहरी टोलीले मिति २०७८।०५।२० गते १५:३० बजेको समयमा जिल्ला काठमाण्डौं, बुढानिलकण्ठ न.पा. १ स्थित रहेको हिप्पी हिल्स रेष्टुरेण्टका कर्मचारी जिल्ला नवलपरासी पश्चिम प्रतापुर गा.पा.१ स्थायी ठेगाना भएका बर्ष ५५ को सुधिर प्रधानलाई **लागू औषध गाँजा ८३ ग्राम ५०० मिलिग्राम** सहित पक्राउ गरिएको र उक्त लागू औषध मुद्दामा अनुसन्धानको क्रममा हिप्पी हिल्स रेष्टुरेण्टका संचालक जिल्ला ललितपुर, ललितपुर म.न.पा.३ स्थायी ठेगाना भई हाल का.जि.बुढानिलकण्ठ न.पा.१ बस्ने बर्ष ४४ को राजिव काफ्ले समेत पक्राउ गरिएको साथै उक्त लागू औषध अनुसन्धानको क्रममा जिल्ला काठमाण्डौं बुढानिलकण्ठ न.पा.१ तौलङ डाडा स्थायी ठेगाना भएका बर्ष ६३ को कान्छा लामालाई **लागू औषध गाँजा ४३ ग्राम ५०० मिलिग्राम** सहित मिति २०७८।०५।२१ गते पक्राउ गरिएको ।

२. मिति २०७८।०५।२१ गते ११:०५ बजे Qatar Airways को उडान नं. QR 649 को उडानबाट दोहा जान लागेका जिल्ला म्याग्दी मंगला गा.पा.३ ठेगाना भएका राहदानी नं. ०७१७४१७५ वाहक बर्ष ३६ का श्याम प्रसाद रोका र ऐ.ऐ. ठेगाना भएका राहदानी नं. १०३८६००० वाहक बर्ष ३५ बिर बहादुर रोका मगरलाई ऐ. मिति ८:३० बजेको समयमा त्रि.अ.वि. प्रस्थानबाट **लागू औषध चरेस ४ के.जि. ३५ ग्राम** सहित पक्राउ गरी प्रारम्भिक अनुसन्धानका क्रममा खुल्न आएका उक्त लागू औषध चरेस कारोबारमा संलग्न जिल्ला म्याग्दी मंगला गा.पा.वडा नं. ३ ठेगाना भएका बर्ष ४४ को दिल बहादुर गुरुङ, जिल्ला धादिङ गंगा जमुना गा.पा.४ ठेगाना भएका बर्ष ३३ को अनिल बहादुर घले, ऐ.ऐ.ठेगाना भएका बर्ष २८ को सुन बहादुर गुरुङ, जिल्ला धादिङ खनियाबास गा.पा.५ ठेगाना भएका बर्ष २८ को याङ्की भन्ने जित बहादुर तामाङ र ऐ.ऐ. ठेगाना भएका बर्ष ३६ को माईला भन्ने कृष्ण बहादुर तामाङसमेतलाई पक्राउ गरिएको ।

३. मिति २०७८।०५।२१ गते १६:०० बजेको समयमा जिल्ला काठमाण्डौं, का.म.न.पा. १६ स्थित होटलबाट जिल्ला बर्दिया बारबर्दिया न.पा.९ स्थायी ठेगाना भएका बर्ष ३२ को राजकुमार धिताल र जिल्ला बर्दिया बढैयाताल गा.पा.७ ठेगाना भएका बर्ष २५ को रमेश थारुलाई **लागू औषध खैरो हेरोईन २२ ग्राम ५०० मिलिग्राम** र डिजिटल तराजु थान-१ सहित पक्राउ गरिएको ।

४. मिति २०७८।०५।२१ गते १७:०० बजेको समयमा जिल्ला काठमाण्डौं का.म.न.पा.२६ नयाँबसपार्कबाट जि.धादिङ सिद्धलेक गा.पा. २ स्थायी भएका बर्ष २६ को ईश्वर ईटनीलाई **लागू औषध खैरो हेरोईन १७ ग्राम** सहित पक्राउ गरिएको उक्त लागू औषध कारोबारमा संलग्न जिल्ला झापा बिर्तामोड न.पा.९ ठेगाना भएका बर्ष ३३ को रन्जित राजवशीलाई मिति २०७८।०५।२२ गते जिल्ला झापाबाट पक्राउ गरिएको ।

***उल्लेखित व्यक्तिहरुको सम्बन्धमा लागू औषध नियन्त्रण ऐन २०३३ अन्तरगत म्याद लिई थप बिस्तृत अनुसन्धान गर्ने कार्य भईरहेको ।***

**प्रहरी उपरीक्षक**
(जिवन कुमार श्रेष्ठ)
सम्पर्क नं. ९८५११३२७४३